आज मिति २०८१ साल पौष २६ गते शुक्रवारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिका कार्यसम्पादन नियमावलि २०७४ को नियम १० वमोजिम निम्न पदाधिकारीहरुको उपस्थीतिमा नगरकार्यपालिकाको ५२औं बैठक बसि देहायवमोजिम निर्णयहरु गरियो ।

उपस्थीती

| क्र.सं | पद | कार्यालय | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं.१ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं.२ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं.३ | श्री पुरूषोत्तम बजगाई | | |
| ६ | वडा अध्यक्ष | वडा नं.४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं.५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं.६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं.७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं.८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं.९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं.१० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं.११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं.१२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मण्डनदेउपुर न.पा | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र.प्र.अ | श्री सुरज श्रेष्ठ | | |

## २०८०।१०।२६ गतेको नगर कार्यपालिकाको ५२ औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. अघिल्लो बैठका निर्णय कार्यान्वयन समिक्षा ।
२. भवन हस्तान्तरण तथा बाँकी रकम भुक्तानी सम्बन्धमा।
३. स्वास्थ्य कर्मचारीको विदा स्वकृत सम्बन्धमा।
४. उद्योगहरु नविकरण सम्बन्धमा।
५. आवधिक योजना तथा नगर प्रोफाइलको अन्तिम प्रतिवेदन सम्बन्धमा।
६. भ्रमण आदेश स्वीकृत गर्ने सम्बन्धमा।
७. प्रशासकीय भवनको ईन्टेरियर वर्क एण्ड कार्पेट पर्दा अफ मुनिसियल अफिस विल्डिङ्गको बाँकी रकम भुक्तानी सम्बन्धमा।
८. विविध

निर्णयहरु

### निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८१/०९/११ गते बसेको बैठकले गरेका निर्णयहरुको प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

### निर्णय नं.२

निर्माण व्यवसायीले सम्पन्न गरेको प्रशासकीय भवन बुझिलन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने र निर्माण-व्यवसायीलाई दिन बाँकी रकमको भुक्तानी दिन निर्देशन दिने निर्णय गरीयो।

### निर्णय नं.३

मण्डनदेउपुर नगरपालिकाका अन्तर्गत नयाँगाउ स्वास्थ्य चौकीमा कार्यरत पहेन पाँचौं श्री लक्ष्मी भुजेलले अध्ययन बिदा माग गरेकोमा यस कार्यालयले माथिल्लो निकायमा लिखित राय माग गर्दा कुनै पनि लिखित राय तथा निर्णय प्राप्त नभएकोले तलबि अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो।

### निर्णय नं. ४

यस नगरपालिका भित्र संचालित उद्योगहरुलाई राजश्व बुझाउन अघिल्लो कार्यपालिकाको बैठकबाट निर्णय भई परिपत्र गरिएकोमा राजश्व बुझाइ उद्योग नविकरण नगरेका उद्योगहरु बन्द गर्ने निर्णय गरियो।

### निर्णय नं.५

क) मण्डनदेउपुर नगरपालिका र स्वशासन अध्ययन प्रतिष्ठान, बानेश्वर विच मण्डनदेउपुर नगरपालिकाको नगर विकास आवधिक योजना, नगर सडक गुरुयोजना, मध्यमकालिन खर्च संरचना निर्माण गर्न मिति २०८०।१२।०१ मा भएको सम्झौता बमोजिम परामर्शदाता फर्म/संस्था ले पेश गरेको मस्यौदा प्रतिवेदन उपर मिति २०८१।०९।१५ गते नगरपालिकाको तर्फबाट आफ्नो राय सुझाव प्रदान गरिएकोले उपरोक्त राय सुझाव समेटी परामर्शदाता फर्म/संस्थाले पेश गरेको अन्तिम प्रतिवेदन स्विकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै भुक्तानी प्रयोजनका लागि उल्लेखित कार्यको म्याद २०८१ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो।

ख) मण्डनदेउपुर नगरपालिका र इन्लोगोस प्रा.लि. बिच मण्डनदेउपुर नगरपालिकाको वस्तुगत विवरण संकलन, प्रशोधन गरी डिजिटल प्रोफाइल निर्माण गर्न मिति २०८०।१२।०१ मा भएको सम्झौता बमोजिम परामर्शदाता फर्म/संस्था ले पेश गरेको मस्यौदा प्रतिवेदन उपर मिति २०८१।०९।१५ गते नगरपालिकाको तर्फबाट आफ्नो राय सुझाव प्रदान गरिएकोले उपरोक्त राय सुझाव समेटी परामर्शदाता फर्म/संस्थाले पेश गरेको अन्तिम प्रतिवेदन स्विकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। साथै भुक्तानी प्रयोजनका लागि उल्लेखित कार्यको म्याद २०८१ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं.६

यस नगरपालिका र जापनको फुजिनोमिया नगरपालिका बिच भगिनी सम्वन्ध कायम गर्ने प्रयोजनका लागि यस नगरपालिकाबाट जापानको फुजिनोमिया नगरपालिकामा हुने भ्रमण यस नगरपालिको नगर प्रमुख श्री टोक बहादुर वाईबाज्यूको नेतृत्वमा ८ जनाको टोलि मिति २०८१ माघ ५ देखि माघ १३ गते सम्मको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.७

नगरपालिका प्रशासकीय भवन ईन्टेरियर वर्क एण्ड कार्पेट पर्दा अफ मुनिसियल अफिस विल्डिङ्गको निर्माण व्यवसायीलाई अन्तिम विलको रकमको भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो।